# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
### चौतारा, सिन्धुपाल्चोक

पत्र संख्याः ०७९/०८०
चलानी नम्बर ः

वागमती प्रदेश, नेपाल

सूचना प्रकाशित मिति २०८०/०१/२७

**विषय : विषयविज्ञको सूचीमा सूचिकृत हुन म्याद थप सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा शिक्षा नियमावली २०५९ (संशोधनसहित) को नियम ९६ (क) को खण्ड (ग) को प्रयोजनको लागि विशेषज्ञ सूची अद्यावधिक गर्न आवश्यक भएकोले यस नगरपालिकाको लागि तपशिलमा उल्लेखित मापदण्डमा रही तोकिएको शैक्षिक योग्यता पूरा गरी सम्बन्धित कार्य क्षेत्रमा अनुभव प्राप्त गरेका इच्छुक व्यक्तिहरुले विशेषज्ञ पदको दरखास्त दिन यस शाखाको मिति २०८०/०१/२७ गतेको निर्णयानुसार मिति २०८०/०१/३१ गते सम्म म्याद थप गरिएको व्यहोरा सम्बन्धित सरोकारवाला सबैमा यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपशिल**

दरखास्तको लागि पूरा हुनुपर्ने मापदण्डहरु

१) आधारभूत तह (कक्षा १-८) को विशेषज्ञको लागि सम्बन्धित तहमा स्थायी नियुक्ति लिई ५ वर्षको कार्य अनुभव पूरा गरी शिक्षाशास्त्र संकायबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको ।

२) माध्यमिक तह (कक्षा ९-१२) को विशेषज्ञको लागि सम्बन्धित तह र विषयमा स्थायी वा अस्थायी नियुक्ति लिई ५ वर्षको कार्य अनुभव पूरा गरी शिक्षाशास्त्र संकायबाट कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरेको ।

३) प्राविधिकधारतर्फ सञ्चालित विद्यालयका प्रशिक्षक तथा सहायक प्रशिक्षकको हकमा विशेषज्ञका लागि १(एक) वर्षको सेवासँग सम्बन्धित क्षेत्रमा कार्य अनुभव वा शिक्षण कार्य गरेको र प्राविधिक विषयमा (वाली विज्ञान, इन्जिनियरिङ र कम्प्युटर विज्ञान आदि) स्नातकोत्तर तह उत्तिर्ण गरेको ।

४) दरखास्त पेश गर्दा भर्नुपर्ने फाराम यस शाखाबाट प्राप्त गर्न सकिनेछ ।

५) सूचीकृत हुन लाग्ने शुल्क आधारभूत तहका लागि ५०० (पाँच सय) मावि तहका लागि रु. १००० (एक हजार)

८०।१।२६

पुष्पराज ढकाल
उपसचिव

☎९८४७८३७४७नगर शिक्षाअधिकृत ☎ ९८४१३४०९७७, ०११६२०४५३ कार्यालय सम्पर्क
csmpeducation@gmail.com